# बर्दगोरिया गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मुडा, कैलाली, सुदूरपश्चिम प्रदेश नेपाल

## १८ औं गाउँ सभा
## आ.व.२०८३/०८४ को नीति तथा कार्यक्रम

**बर्दगोरिया गाउँपालिकाको १८ औं गाउँ सभा**मा सभाका अध्यक्ष ज्यूको आदेशानुसार प्रस्तुत गरिएको

**आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम**

**मिति २०८३/०३/०९ गते**

आदरणीय गाउँ सभाध्यक्ष ज्यू,
सम्पूर्ण गाउँसभाका सदस्य ज्यूहरु,
उपस्थित राष्ट्रसेवक कर्मचारीहरु,
सुरक्षाकर्मीहरु लगायत पत्रकाहरु र उपस्थित सबै महानुभावहरु ।

सर्वप्रथम, सिंहदरबारको केन्द्रीकृत अधिकार र राज्यशक्तिको स्रोतलाई नागरिकको घरदैलोसम्म विकेन्द्रित गर्ने सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मूल मर्मलाई आत्मसात् गर्दै, बर्दगोरिया गाउँपालिकाको यस गरिमामय गाउँसभाको १८औं अधिवेशनमा उपस्थित यहाँहरू सम्पूर्णमा हार्दिक स्वागत सहित न्यानो अभिवादन व्यक्त गर्दछौं।

नेपाली जनताको लामो सङ्घर्ष, त्याग र बलिदानको बलमा स्थापित जनपक्षीय शासन व्यवस्थाको प्रतिफल स्वरूप नागरिकको सबैभन्दा हितैषी र सुख-दुःखको सारथीका रूपमा स्थानीय सरकारहरू क्रियाशील छन्। जनअनुमोदित स्थानीय तहको दोस्रो निर्वाचन सम्पन्न भएपछिको यस बर्दगोरिया गाउँपालिकाको समग्र १८औं गाउँसभा समक्ष आगामी आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न यहाँहरू सामु उपस्थित हुन पाउँदा म गौरवान्वितको अनुभूति गरिरहेको छु।

यस ऐतिहासिक अवसरमा, मुलुकको लोकतान्त्रिक रूपान्तरण, नागरिक स्वतन्त्रता र अग्रगामी सामाजिक रूपान्तरणका लागि भएका विभिन्न जनआन्दोलन, जनयुद्ध एवं ऐतिहासिक सङ्घर्षहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात—अज्ञात अमर सहिदहरूप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु। साथै, न्यायको क्षितिज पर्खेर बस्नुभएका सहिद परिवारजनप्रति उच्च सम्मान व्यक्त गर्दछु। राष्ट्रको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता र स्वाभिमानको रक्षा गर्दै लोकतन्त्र, सामाजिक न्याय, सुशासन र समतामूलक समाज निर्माणका लागि आफ्नो जीवनको ऊर्जा अर्पण गर्नुहुने आदरणीय घाइते, अपाङ्गता भएका तथा बेपत्ता नागरिकहरू, सम्पूर्ण परिवर्तनकारी जनसमुदाय र दूरदर्शी राजनीतिक नेतृत्वप्रति हार्दिक कृतज्ञताका साथ स्मरण गर्न चाहन्छु।

बर्दगोरिया गाउँपालिकाको १८औं गाउँसभाको यस कोसेढुङ्गासम्म आइपुग्दा हामी जनप्रतिनिधिहरूले चार वर्षको जनउत्तरदायी कार्यकाल सफलतापूर्वक व्यतीत भएको भनि विश्वास लिएकाछौं। यो अवधिमा हामीले जनतासामु गरेका प्रतिबद्धताहरूलाई अक्षरशः पालना गर्दै, सीमित स्रोत—साधन र असीमित नागरिक आकाङ्क्षाहरूका बीच पनि विकास र समृद्धिको यात्रालाई अविचलित र गतिशिल रूपमा निरन्तरता दिएका छौं। स्वच्छ, समृद्ध र समुन्नत बर्दगोरिया निर्माणको हाम्रो दृढ सङ्कल्प, नागरिकको आर्थिक-सामाजिक रूपान्तरणको अभिलाषा र निर्वाचनका बखत व्यक्त गरिएका सङ्कल्पहरूलाई मूर्तरूप दिने ध्येयका साथ नै आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम अभिप्रेरित गरिएको छ।

आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमलाई जनमुखी र परिणाममुखी बनाउन दिगो विकासका राष्ट्रिय लक्ष्यहरूलाई स्थानीयकरण गर्दै, उत्पादन र उत्पादकत्व वृद्धि, गुणस्तरीय तथा दिगो पूर्वाधार निर्माण र स्थानीय स्रोत—साधनको न्यायोचित एवं अधिकतम परिचालन गरिनेछ। समावेशी, उत्तरदायी, जलवायु अनुकूल र समतामूलक आर्थिक विकास मार्फत **"समृद्ध बर्दगोरिया र सुखी गाउँबासी"** को दीर्घकालीन

अभिभारा हासिल गर्न सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको सबल र रणनीतिक सहकार्यलाई अझ सुदृढ बनाइनेछ।

हाम्रो गाउँपालिकालाई स्वच्छ, हरियालीयुक्त, पर्यावरणमैत्री र योजनाबद्ध सहरी विकासको आधुनिक मापदण्डअनुरूप सुदूरपश्चिमकै एक अनुकरणीय र उत्कृष्ट गन्तव्य बनाउने हाम्रो मुख्य अभिलाषा रहेको छ। यसै प्राथमिकता अन्तर्गत भूमिहीन, सुकुम्वासी र अव्यवस्थित बसोवासीहरूको वैज्ञानिक, न्यायोचित एवं स्थायी व्यवस्थापन कार्यलाई पूर्ण तदारुकताका साथ अगाडि बढाइनेछ। राज्यको तीन खम्बे अर्थनीतिको मर्म अनुरूप, यस पालिकाको चौतर्फी विकास र समतामूलक समृद्धिको महाअभियानमा हाम्रा कदमहरू अलिकति पनि विचलित नभई, पूर्ण निष्ठाका साथ अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछु।

**आदरणीय सभाध्यक्ष ज्यू,**

**सभाका सदस्य ज्यूहरु,**

अब म गाउँसभा समक्ष आगामी आ.व.२०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
२. १६औं योजनाले लिएको "सुशासन,सामाजिक न्याय र समृद्धी"को सोच सहित लक्ष्य, रणनीतिक तथा प्राथमिकताका क्षेत्रहरु,
३. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८,
४. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
५. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन,२०७४
६. नेपालको संविधानको अनुसूची ८ र ९ मा एकल र संयुक्त अधिकारले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरु, मौलिक हकहरु, राज्यको निर्देशक सिद्धान्त तथा नीतिहरू,
७. सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ का सान्दार्भिक दफा तथा नियमहरु,
८. बर्दगोरिया गाउँपालिकाबाट जारि गरिएका ऐन तथा कानुनहरु,
९. नेपाल सरकार तथा प्रदेश सरकारले अंगिकार गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
१०. राजनीतिक दलबाट प्राप्त सुझावहरू,
११. राजस्व परामर्श समितिको प्रतिवेदन एवं सिफारिस,
१२. स्रोत तथा बजेट सिमा निर्धारण समितिको स्रोत तथा बजेट अनुमानहरू,
१३. बजेट तथा योजना तर्जुमा समितिले दिएका सिफारिसहरू,
१४. बर्दगोरिया गाउँपालिकाका विभिन्न विषयगत समितिका सिफारिसहरू,
१५. नेपाल सरकारले प्रतिवद्धता जनाएको दिगो विकासका लक्ष्यहरु,
१६. बर्दगोरिया गाउँपालिकाको चालु आवधिक योजना,
१७. विगतका वर्षहरूमा सम्पन्न भएका गाउँ सभा बैठकहरूबाट भएका निर्णयहरू,
१८. नेपाल सरकार र सुदूरपश्चिम सरकारको आ.व.२०८३/८४ को नीति तथा कार्यक्रम,
१९. बर्दगोरिया गाउँपालिकाका जनताद्धारा प्राप्त सुझाव तथा सल्लाहहरू ।

**आगामी आ.व. २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रमका प्राथमिकताका क्षेत्रहरु निम्नानुसार रहेका छन् ।**

१. कृषि उत्पादन, उत्पादकत्व अभिवृद्धि तथा व्यवसायीकरण
२. गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा खानेपानी
३. भूमी समस्या समाधान आयोगको नापजाँच प्रक्रिया

४. दिगो पूर्वाधार निर्माण तथा विकास
५. युवा, खेलकूद तथा रोजगारी
६. आर्थिक विकास तथा राजश्व परिचालन
७. सूचना प्रविधि तथा संचार
८. सामाजिक विकास तथा गरीबि निवारण
९. मानव संसाधन विकास तथा संस्थागत सुशासन ।

## चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण

**१.** पालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूमा माध्यमिक तहसम्म पूर्ण रूपमा निःशुल्क शिक्षाको सुनिश्चितताका लागि सम्पूर्ण कार्य सम्पन्न गरिएको छ। साथै, गाउँपालिकाको अनुदानबाट थप दरबन्दी सिर्जना गरी शिक्षक पदपूर्ति गरिएको छ।

**२.** त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी यस गाउँपालिकाको एकमात्र क्याम्पस 'बर्दगोरिया कलेज' सञ्चालनमा आई पठनपाठन सुरु भएको छ र हाल यसको आफ्नै भवन निर्माण प्रक्रियामा रहेको छ।

**३.** १५ शैयाको अस्पतालमा २४सै घण्टा आकस्मिक (इमर्जेन्सी) सेवा सुचारु गरिएको छ। जहाँ १ जना **MDGP** र २ जना **MBBS** चिकित्सकबाट सेवा प्रदान गर्दै अत्याधुनिक ल्याब, स्वास्थ्य बिमा, रेबिज विरुद्धको खोप, आँखा उपचार, सर्पदंश उपचार, पोष्टमार्टम सेवाका साथै मृतक शव चिस्यान सेवा सञ्चालनमा ल्याइएको छ।

**४.** विभिन्न जनरल तथा विशेषज्ञ निःशुल्क स्वास्थ्य शिविरहरू (आँखा, स्त्रीरोग, नसर्ने रोग आदि) सञ्चालन गरिनुका साथै पाठेघरको मुखको क्यान्सर विरुद्धको (**HPV**) खोप अभियान सफलतापूर्वक सञ्चालन गरिएको छ।

**५.** गर्भवती महिलाहरूलाई सरकारी स्वास्थ्य संस्थामा सुत्केरी गराउन पुऱ्याउन २ वटा एम्बुलेन्स मार्फत निःशुल्क सेवा दिइएको छ र अन्य विपन्न नागरिकलाई समेत निःशुल्क सेवा प्रदान गर्दै आएको छ। साथै, १ वटा शव वाहन र १ वटा महाप्रस्थान यानबाट निःशुल्क सेवा दिनुका साथै मृतक परिवारलाई क्रिया खर्च बापत रु. १०,०००/- तत्काल भुक्तानी गर्ने गरिएको छ।

**६.** पूर्ण खोप पालिका सुनिश्चितता एवम् दिगोपना घोषणा गरिएको छ।

**७.** पालिकाका सबै ६ वटै वडाहरूमा ४,७९५ वटा सुधारिएको चुल्हो वितरण गरी स्वच्छ, धुवाँरहित पालिका निर्माणमा महत्त्वपूर्ण टेवा पुऱ्याइएको छ।

**८.** भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको नापनक्सा कार्य सम्पन्न भई भूमिहीनहरूलाई लालपूर्जा वितरण गर्ने कार्य शुभारम्भ गरिएको छ भने अन्यको प्रक्रियामा रहेको छ।

**९.** उज्यालो गाउँपालिका अभियान अन्तर्गत राजमार्ग क्षेत्र र मुख्य-मुख्य वडाहरूका प्रमुख चोकहरूमा हाइमास्क लाइट जडान गरिएको छ।

**१०.** पालिकाकै सवारीसाधन प्रयोग गरी ६ वटै वडाहरूमा पानीपिच कार्यलाई निरन्तरता दिँदै हालसम्म ८५ कि.मी. सडक पानीपिच र २७.५ कि.मी. सडक कालोपत्रे सम्पन्न गरिएको छ।

**११.** गाउँपालिका क्षेत्रभित्र हालसम्म २६ कि.मी. कृषि सडक निर्माण कार्य सम्पन्न गरिएको छ।

१२.संघीय सरकारको लगानी रहेको सेती लोकमार्ग अन्तर्गत काँडा/कुइरा नदीमा पक्की पुल निर्माण भएको छ। साथै विभिन्न वडाहरू जोड्न हालसम्म ३ वटा झुलुङ्गे र कुल २ वटा ठूला पक्की पुलहरू निर्माण सम्पन्न भई सञ्चालनमा आएका छन्।

१३.प्रदेश सरकार र **RDN** संस्थाको साझेदारीमा वडा नं. ४ दानुफाँटामा मुक्त कमैयाहरूका लागि १२ वटा सुरक्षित आवास निर्माण सम्पन्न गरिएको छ भने वडा नं. ३ मा थप २१ वटा घरहरू सम्पन्न गरिएका छन्। साथै, वडा नं. २ मा रहेको सहारा घरको एक भवन निर्माण सम्पन्न भई अर्को भवनको निर्माण कार्य अन्तिम चरणमा रहेको छ।

१४.यस आर्थिक वर्षमा २ वटा विद्यालय भवन निर्माण कार्य अन्तिम चरणमा रहेको छ भने हालसम्म सम्पूर्ण वडामा आफ्नै भवन निर्माण भई सेवा प्रवाह भइरहेको छ। यसका साथै हालसम्म ५ वटा कल्भर्ट, ११ वटा विद्यालय भवन, १२ वटा मठ-मन्दिर एवं धार्मिक क्षेत्रसँग सम्बन्धित संरचनाहरूको निर्माण कार्य सम्पन्न हुनुका साथै काँडा र कुइरा नदीमा १ कि.मी. तटबन्धन कार्य सम्पन्न भएको छ।

१५.सडकपुर बौनियाँ खानेपानी आयोजनाबाट करिब १५०० घरपरिवारलाई शुद्ध खानेपानी पुऱ्याइएको छ भने **NWASH** को सहकार्यमा ७२ करोडको खानेपानी आयोजना सञ्चालनमा रहेको छ। साथै, विभिन्न वडाहरूमा हालसम्म २५० हेक्टरभन्दा बढी भूमिमा भूमिगत सिँचाइ सुविधा पुऱ्याइएको छ।

१६.बर्दगोरिया गाउँपालिकाको आवधिक योजना तर्जुमा कार्य सम्पन्न भई कार्यान्वयनमा रहेको छ। यसका साथै पालिकालाई आवश्यक पर्ने ऐन, नियमावली, कार्यविधि/निर्देशिका, रणनीति तथा कार्ययोजनाहरू र राजस्व सुधार कार्ययोजना निर्माण भई कार्यान्वयनको चरणमा रहेका छन्।

१७.गाउँपालिकाको कार्यालय र अस्पतालमा कुनै पनि अवरोधबिना निरन्तर सेवा प्रवाह गर्नका लागि वैकल्पिक ऊर्जाको रूपमा जेनेरेटरको व्यवस्था गरिएको छ।

**सभाध्यक्ष महोदय,**

यसै क्रममा अब म अगामी आ. व. २०८३/८४ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### क. शिक्षा, युवा तथा खेलकुद सम्बन्धी नीति

१. संविधान प्रदत मौलिक हक अन्तर्गत  पालिकामा माध्यामिक तह सम्मको शिक्षालाई पूर्णरुपमा निशुल्क गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ।

२. विध्यालय भर्ना दर १००% र विद्यालय छोड्ने दर शून्यमा झर्ने नीति अवलम्बन गरिने छ।

३. दिवा खाजा कार्यक्रमलाई गुणस्तरीय बनाउन विभिन्न भान्सा तथा भान्सेको व्यवस्थापनका लागि आवश्यक पहल गरिन्छ।

४. शिक्षा नीति र कानुनी व्यवस्थामार्फत शैक्षिक संस्थाहरुलाई आवश्यक नियमन र सुधार गर्न नीति लिइनेछ।

५. विभिन्न निकायसँग समन्वय गर्दै विद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको सामाजिक सुरक्षा कोषमा आबद्द् गरिएको साथै आगामी आ.व.मा समेत निरन्तरता दिइनेछ।

६. बर्दगोरिया कलेजको पूर्वाधार विकास तथा शैक्षिक गुणस्तर वृद्धिको लागि आवश्यक पहल गरिनेछ।
७. गाउँ शिक्षा समिति र वडा शिक्षा समितिको क्षमता विकास गरिने छ।
८. सामुदायीक विद्यालयहरुको भौतिक पूर्वाधारमा सुधारको निम्ती आवश्यक पहल गरिनेछ।
९. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिने तथा विद्यालय क्षेत्रलाई हरित मैत्री बनाउन आवश्यक पहल गरिनेछ।
१०.सबै विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाक तथा विस्तार गरिने नीति लिइनेछ।
११.EMIS तथा सूचना प्रविधिमार्फत शैक्षिक व्यवस्थापन सुदृढ गर्ने नीति अवलम्बन गरिने छ।
१२.राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा सहभागी विद्यार्थी/खेलाडी छनौट प्रक्रिया प्रभावकारी बनाइनेछ।
१३.विद्यालय क्षेत्रमा खेलकुदको प्रर्वद्धन तथा विकासका निम्ति आवश्यक वजेटको व्यवस्था गरिनेछ।
१४.सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क सेनिटरी प्याडको व्यवस्था थप प्रभाबकारी गरिनेछ।
१५.विद्यालयको परीक्षा प्रणालीलाई सुधारका लागि विशेष पहल गरिनेछ।
१६.सामुदायकि विद्यालयका अधुरो भौतिक पूर्वाधारलाई सम्पन्न गर्न आवश्यक वजेटको प्रवन्ध गरिनेछ।
१७.विद्यालयको समग्र शैक्षिक गुणस्तर सुधारका निम्ति आगामि आ.व. बाट शैक्षणिक स्रोत व्यक्तिको प्रवन्ध गरिनेछ।
१८.गाउँपालिकामा खेलकुद विकास समिति गठन गरी खेलकुद कार्यक्रम सञ्चालन गरिने साथै खेल मैदान निर्माण र मर्मतसम्भार गरिनेछ।
१९.युवा बेरोजगारी न्यूनीकरणका लागि सीप र उद्यमशीलता विकास कार्यक्रम सञ्चालनमा ल्याइनेछ।
२०.विपन्न युवाहरूलाई इलेक्ट्रोनिक्स, प्लम्बिङ, ब्युटिपार्लर, पशुपालन आदि तालिम संचालन गरी आत्मनिर्भर तथा स्वरोजगार बनाइदै लगिनेछ।
२१.लागूऔषध दुरुपयोग रोकथामका लागि सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

**ख.स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम**

१. दोदोधरा अस्पतालमा विशेषज्ञ चिकित्सकसहित २४ सै घण्टा आकस्मिक तथा प्रसूति सेवा, आँखा उपचार, स्वास्थ्य बीमा, अत्याधुनिक ल्याब, रेबिज विरुद्धको खोप, सर्पदंश उपचार, ,पोष्टमार्टम र शव चिस्यान सेवालाई निरन्तरता दिइनेछ।
२. प्रत्येक वडामा रहेका आधारभूत स्वास्थ्य सेवा केन्द्रहरूको जनशक्ति, पूर्वाधार तथा निःशुल्क औषधि सेवामा सुदृढीकरण गरिनेछ र सिकलसेल एनेमिया लगायतका रोगहरूको पहिचानका लागि स्क्रिनिङ्ग क्याम्प सञ्चालन गर्न आवश्यक पहल गरिनेछ।
३. पूर्ण खोप पालिका सुनिश्चितता भई दिगोपनाका लागि आवश्यक लगानी सहित निरन्तरता दिइनेछ।
४. आर्थिक वर्ष २०८३/८४ मा यस गाउँपालिकालाई पोषणमैत्री गाउँपालिका बनाउन आवश्यक रणनीतिक क्रियाकलापहरू गरिनेछ र गर्भवती तथा सुत्केरी महिलाका लागि आइरन चक्की वितरण एवं पोषण सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ।
५. गाउँपालिकाभित्रका कुपोषित बालबालिकाहरूको स्वास्थ्य जाँच, शीघ्र उपचार र पोषण अवस्थामा सुधार ल्याउन आउटपेसेन्ट थेराप्युटिक केयर (OTC) केन्द्रहरूको सुदृढीकरण र व्यवस्थापन गरिनेछ।
६. ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि लक्षित स्वास्थ्य शिविर र रोग परीक्षण सञ्चालन गरिनेछ र महिलाहरूको पाठेघरको क्यान्सर रोकथामका लागि दिइने एचपिभी (HPV) खोप कार्यक्रमलाई आगामी वर्ष पनि निरन्तरता दिइनेछ।

७. स्वास्थ्य क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने महिला स्वास्थ्य स्वयंसेविकाहरूको सम्मान र प्रोत्साहन भत्तामा वृद्धि गरी निरन्तरता दिइनेछ र नेपाल रेडक्रस सोसाइटीसँगको सहकार्यमा बर्दगोरियाबासीका लागि निःशुल्क रक्त सञ्चार सेवालाई कायमै राखिनेछ।

८. एच.आई.भी. (HIV) संक्रमित बालबालिकाहरूको पोषण, शिक्षा र स्वास्थ्य सुरक्षाका लागि प्रदान गरिँदै आएको आर्थिक तथा सामाजिक प्रोत्साहन भत्तालाई थप गरी निरन्तरता दिइनेछ।

९. नागरिकहरूको शारीरिक र मानसिक स्वास्थ्यलाई सबल बनाउन आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवाको विस्तार गरिनेछ र समुदाय स्तरसम्म योग तथा ध्यान कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**ग. <u>लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति</u>**

१. मृतक परिवारलाई क्रिया खर्च बापत रु. १०,०००/- प्रदान गरिदै आइरहेकोमा आगामी आ.व.मा समेत यस कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२. ज्येष्ठ नागरिक तथा अपाङ्गता परिचय-पत्र वितरण कार्यलाई निरन्तरता दिइनेछ, साथै उनीहरूको स्वास्थ्य अधिकार सुनिश्चित गर्न निःशुल्क स्वास्थ्य परीक्षण तथा उपचार शिविर सञ्चालन गरिनेछ।

३. गाउँपालिकालाई हिंसा मुक्त बनाउने अभियान स्वरूप लैङ्गिक हिंसाका घटनामा शून्य सहनशीलताको नीति लिइनेछ र पीडितहरूको तत्काल उद्धार तथा संरक्षणका लागि लैङ्गिक हिंसा निवारण संयन्त्र खडा गरी कार्यान्वयन गर्ने नीति लिइनेछ।

४. लक्षित वर्गको हित र मूलप्रवाहीकरणका लागि गाउँपालिकाको स्वीकृत लैङ्गिक समानता र सामाजिक समावेशीकरण नीतिलाई सम्पूर्ण योजना तथा कार्यक्रमहरूमा प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

५. बाल क्लब सञ्जाल र बाल संरक्षण समितिहरूलाई संस्थागत रूपमा सुदृढ गरिनेछ र आवश्यक स्थानीय सूचकहरू पूरा गरी आगामी आर्थिक वर्ष २०८३/८४ भित्र कम्तीमा एक वडालाई बालमैत्री वडा घोषणा गरिनेछ।

६. अपाङ्गता भएका व्यक्तिहरूको आत्मसम्मान, आर्थिक आत्मनिर्भरता र जीविकोपार्जनका लागि उनीहरूको क्षमता र चाहना अनुरूपका विशेष सीप र व्यवसायमूलक तालिम कार्यक्रमहरू सञ्चालन गरिनेछ।

७. बालबालिकाहरूको चौतर्फी हक र क्षमता विकासका लागि आवश्यक लगानी गरिनेछ र शिशुहरूको पोषण एवं मातृ सुरक्षालाई ध्यानमा राखी सार्वजनिक क्षेत्रहरूमा सुरक्षित स्तनपान कक्षको स्थापना र व्यवस्थापन गरिनेछ।

८. घरायसी वा अन्य विविध कारणले विद्यालय जानबाट वञ्चित वा विमुख भएका किशोरीहरूको पहिचान गरी उनीहरूलाई आर्थिक रूपमा सक्षम बनाउन जीविकोपार्जनमुखी र आयआर्जनमूलक सीप विकास तालिमको व्यवस्था मिलाइनेछ।

९. बालविवाह, बहुविवाह, बालश्रम शोषण, छाउपडी प्रथा र लागूपदार्थ दुर्व्यसनी जस्ता सामाजिक विकृतिहरू पूर्ण रूपमा उन्मूलन गर्न सचेतनामूलक अभियान चलाइनेछ तथा राष्ट्रिय परिचयपत्र, सामाजिक सुरक्षा र व्यक्तिगत घटना दर्ता सम्बन्धी व्यापक जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

## आर्थिक विकास सम्बन्धी नीति

**क. <u>कृषि तथा पशुपंक्षी विकास सम्बन्धी नीति</u>**

१. वितरित कृषि सामग्री तथा यन्त्र उपकरणहरूको प्रभावकारी उपयोगको नियमित अनुगमन कार्यलाई निरन्तरता दिइनेछ।

२. कृषकहरूका लागि रासायनिक मलको सहज उपलब्धता सुनिश्चित गर्न आवश्यक समन्वयकारी भूमिकालाई निरन्तरता दिइनेछ।
३. दिगो र स्वास्थ्यकर कृषिका लागि प्राङ्गारिक खेतीलाई बढावा दिन आवश्यक विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ।
४. स्थानीय स्तरमा रैथाने बालीको संरक्षण तथा प्रवर्द्धनका लागि आवश्यक नीतिगत र व्यावहारिक पहल गरिनेछ।
५. कृषि उत्पादनको सुरक्षित भण्डारण र प्रशोधनका लागि सञ्चालनमा आएका कोल्ड स्टोर र च्याम्बरलाई सुदृढ गर्दै अन्य वडाहरूमा समेत विस्तार गरिनेछ।
६. उत्पादित कृषि उपजहरूको उचित बजारीकरणका लागि आवश्यक पहल गरिनेछ र कृषि उपज ढुवानीलाई सहज बनाउन कृषि एम्बुलेन्स व्यवस्थापनको कार्य अगाडि बढाइनेछ।
७. व्यावसायिक कृषि व्यवसाय सञ्चालन गरिरहेका कृषि फार्महरूको उचित व्यवस्थापन, प्रवर्द्धन र सुदृढीकरणका लागि आवश्यक व्यवस्था मिलाइनेछ।
८. व्यावसायिक, करेसाबारी, बगर, कौशी जस्ता विभिन्न विधिको तरकारी खेतीलाई तालिम, आधुनिक प्रविधि र लगानीसहित विशेष प्रोत्साहन गरिनेछ।
९. पशु-पंक्षी तथा पशुजन्य उत्पादन वृद्धिका लागि व्यावसायिक रूपमा गाई, भैंसी, बाख्रा, बङ्गुर, कुखुरा र माछा पालन व्यवसायमा विशेष जोड दिइनेछ।
१०. दूध, माछा, मासुको गुणस्तरीय बजार प्रवर्द्धन गरिनेछ र मासु तथा डेरी पसलहरूलाई स्वास्थ्य मापदण्डमा आधारित बनाई सुधार गरिनेछ।
११. पशुजन्य उत्पादनको व्यवस्थित बजारीकरणका लागि पशु हाटबजार सञ्चालनको पहल गरिनेछ र गाउँपालिकाका ६ वटै वडाहरूमा हाटबजारलाई व्यवस्थित गरिनेछ।
१२. पशु आहारको उपलब्धता, पशु स्वास्थ्य सेवा र विभिन्न रोग नियन्त्रण सम्बन्धी कार्यक्रमहरूलाई उच्च प्राथमिकताका साथ निरन्तरता दिइनेछ।
१३. पशुपंक्षी तथा बाली बिमा सम्बन्धी चेतनामूलक कार्यक्रमलाई प्रभावकारी बनाइनेछ र वास्तविक उत्पादनका आधारमा उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गरिनेछ।
१४. बर्दगोरिया गौशालालाई सुचारु एवं व्यवस्थित रूपमा सञ्चालन गर्न आवश्यक पहल गरिनेछ र यसलाई गाउँपालिका अन्तर्गत मातहतमा ल्याई दिगो व्यवस्थापनको कार्य अगाडि बढाइनेछ।
१५. सामुदायिक कुकुरहरूबाट सर्वसाधारणमा हुने क्षति तथा जोखिमलाई न्यूनीकरण गर्न रेबिज विरुद्धको खोप अभियान र बन्ध्याकरणका लागि आवश्यक प्राविधिक व्यवस्था मिलाइनेछ।
१६. पशुपन्छीमा लाग्ने विभिन्न रोगहरूको समयमै पहिचान र निदान कार्यलाई प्रभावकारी बनाउन गाउँपालिकामा एक आधारभूत प्रयोगशाला (ल्याब) सञ्चालनका लागि आवश्यक पहल गरिनेछ।
१७. पशुपालन र कृषि क्षेत्रको वास्तविक उत्पादकत्व बढाउन तथा कृषकहरूलाई व्यावसायिक बनाउन स्थापित मापदण्डका आधारमा उत्पादनमा आधारित अनुदान कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

**ख. <u>उद्योग तथा पर्यटन सम्बन्धी नीति</u>**

१. लगानीमैत्री नीति र पूर्वाधारको सुदृढीकरण मार्फत औद्योगिक विकास गरिनेछ; उद्योग वाणिज्य संघसँगको साझेदारीमा प्रदर्शनी स्थलको सम्भाव्यता अध्ययन गरिनुका साथै उद्योग व्यवसाय दर्ता, नवीकरण र नामसारी प्रक्रियालाई प्रविधिमैत्री, सरल एवं प्रभावकारी बनाइनेछ।

२. पर्यटन गुरुयोजना तर्जुमा गरी पर्यटकीय पूर्वाधारको विस्तार गरिनेछ र प्रमुख पर्यटकीय गन्तव्यहरूलाई एकापसमा आबद्ध गर्न पर्यटकीय सडक सञ्जाल निर्माणको कार्य सुरु गरिनेछ।

३. आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्न ग्रामीण पर्यटन र होमस्टे कार्यक्रम लागू गरिनेछ तथा स्थानीय अर्गानिक खाद्य उत्पादनको ब्रान्डिङ र सांस्कृतिक पहिचान प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

४. पर्यटकीय स्थलहरूको व्यापक प्रचारप्रसारका लागि डिजिटल डिस्प्ले, बिलबोर्ड, डकुमेन्ट्री र ब्रोशरको प्रयोग गरिनेछ र अन्य स्थानीय तहहरूसँग भगिनी सम्बन्ध विस्तार गरी आपसी समन्वयमा पर्यटन प्रवर्द्धन गरिनेछ।

५. विभिन्न जातजातिका ऐतिहासिक पर्व, संस्कार र संस्कृतिको संरक्षण गरिनेछ, विशेष चाडपर्वहरूमा स्थानीय बिदाको व्यवस्था मिलाइनेछ र परम्परागत सामाजिक व्यवस्थाको रूपमा रहेको भलमन्सा तथा बडघर परम्परालाई सुदृढ गर्न आवश्यक पहल गरिनेछ।

**ग. <u>सहकारी सम्बन्धी नीति</u>**

१. सहकारी संस्थाका पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२. बर्दगोरिया गाउँपालिका नियमनक्षेत्राधिकार भित्र रहेका सहकारी संस्थाहरुलाई सहकारी व्यवस्थापन सूचना प्रमाणी (COPOMIS) मा अनिवार्य आवद्धतालाई निरन्तरता दिइने छ।

**घ. <u>श्रम रोजगार तथा उद्यम विकास सम्बन्धी नीति</u>**

१. बर्दगोरिया गाउँपालिकाको रोजगार रणनीति स्वीकृत गरी कार्यान्वयनमा ल्याइनेछ र रोजगारी सम्बन्धी अध्ययन, नयाँ क्षेत्र पहिचान, रोजगार नक्शांकन एवं 'जब म्याचिङ' मार्फत एकीकृत रोजगार सेवालाई व्यवस्थित रूपमा सञ्चालन गरिनेछ।

२. "श्रमलाई सम्मान, बर्दगोरियाको अभियान" नारालाई सार्थक बनाउन विभिन्न क्षेत्रमा कार्यरत उत्कृष्ट श्रमिकहरूलाई पहिचान गरी सम्मान तथा पुरस्कृत गरिनेछ।

३. स्थानीय स्तरमा रोजगारी सिर्जनाका लागि सार्वजनिक, निजी र गैरसरकारी क्षेत्रसँग समन्वय गरिनेछ र रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगारहरूलाई सार्वजनिक निर्माणका कार्यमा आबद्ध गराउन ससर्त बजेटको निर्माण सामग्री खरिद र ज्याला भुक्तानीमा सहकार्य गरिनेछ।

४. वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र पारदर्शी बनाउन स्थानीय स्तरबाटै श्रम स्वीकृति, कल्याणकारी कोष र कन्सुलर सेवा सम्बन्धी कार्यमा सहजीकरण गरिनेछ।

५. वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको सीप र पूँजीलाई स्थानीय विकासमा उपयोग गर्न सुरक्षित आप्रवासन (SaMi) परियोजनासँगको सहकार्यमा विशेष पुनःएकीकरण कार्यक्रमहरू सञ्चालन गरिनेछ।

६. गाउँपालिकालाई बालश्रम मुक्त पालिका घोषणा गर्ने लक्ष्यका साथ बालश्रम न्यूनीकरण, रोकथाम र श्रममा परेका बालबालिकाहरूको उद्धार तथा पुनःस्थापनाका लागि लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ।

७. स्थानीय उद्यमी तथा युवाहरूका लागि सामाजिक परिचालन, उद्यमशीलता विकास, सीप विकास, वित्तीय पहुँच, प्रविधि हस्तान्तरण, बजारिकरण र व्यावसायिक परामर्श सेवाहरू एकीकृत रूपमा प्रदान गरिनेछ।

८. दलित, महिला, जनजाति, विपन्न, परम्परागत किसान, मजदुर र बेरोजगार नागरिकहरूलाई प्राथमिकता दिँदै स्थानीय स्रोत र सीपमा आधारित उद्यमहरू मार्फत रोजगारीका अवसरहरू सिर्जना गरिनेछ।

९. बजारको माग र स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरूको स्थापना तथा सञ्चालित उद्योगहरूको स्तरोन्नति गरिनेछ, उद्योगका लागि आवश्यक दक्ष जनशक्ति तयार गर्न क्षमता अभिवृद्धिका कार्यक्रम चलाइनेछ र उत्कृष्ट महिला उद्यमीहरूलाई वार्षिक रूपमा पुरस्कृत गरिनेछ।

१०.स्थानीय युवाहरूलाई स्वरोजगार बनाउन बजारको माग अनुसारका सीप विकास तालिमहरू प्रदान गरी सीप, पूँजी र प्रविधि हस्तान्तरण गरिनेछ तथा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) लाई थप सुदृढ र विस्तार गरिनेछ।

## भौतिक पूर्वाधार विकास सम्बन्धी नीति तथा कार्यक्रम

१. बर्दगोरिया गाउँपालिकामा GIS Mapping तथा Rural Municipal Transport Management Plan (RMTMP) तयार गरी सडक निर्माण, मर्मत तथा वर्गीकरण, भवन तथा बस्ती व्यवस्थापन, खोला—नाला तथा जलनिकास व्यवस्थापन, विपद् जोखिम न्यूनीकरण, सार्वजनिक सम्पत्तिको अभिलेखीकरण, भू—उपयोग व्यवस्थापन तथा योजना छनोट र कार्यान्वयन प्रक्रियालाई वैज्ञानिक, व्यवस्थित र प्रभावकारी बनाइनेछ।

२. निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न आवश्यक प्राविधिक परीक्षण तथा अनुगमनका लागि स्थानीय स्तरमै निर्माण सामग्री परीक्षण प्रयोगशाला (Technical Laboratory) स्थापना गरी सञ्चालनमा ल्याइनेछ। सार्वजनिक निर्माण कार्यलाई व्यवस्थित र पारदर्शी बनाउन वार्षिक तथा मध्यकालीन खरिद गुरुयोजना (Procurement Master Plan) तयार गरी सोही अनुसार योजना, बजेट विनियोजन तथा निर्माण कार्य कार्यान्वयन गरिनेछ।

३. दिगो, वातावरणमैत्री र सहभागितात्मक प्रणालीबाट पूर्वाधार विकास गरिनेछ र सडक तथा पूर्वाधारको नियमित स्तरोन्नति र दिगोपनका लागि मर्मत सम्भार कोष स्थापना गरिनेछ।

४. सहरी सडकहरूमा पक्की नाली निर्माणलाई प्राथमिकता दिइनेछ तथा कालोपत्रे, आर.सि.सि. पक्की नाला र कल्भर्ट निर्माण गरी सडक विस्तार कार्यलाई अगाडि बढाइनेछ।

५. सामाजिक न्याय र समावेशिताका आधारमा योजना छनोट तथा प्राथमिकीकरण गरिनेछ र पहिचान गरिएका गौरवका आयोजनाहरू स्रोत अभावबिना कार्यान्वयन गरिनेछ।

६. सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ, सडक मापदण्ड कायम गरी समस्याको समन्वयात्मक समाधान गरिनेछ र भू-उपयोग नीति लागू गरिनेछ।

७. आयोजना बैंक स्थापना गरी योजनाहरू क्रमशः कार्यान्वयन गरिनेछ र विगतका अधुरा योजनाहरू सम्पन्न गर्न क्रमागत बजेट विनियोजन गरिनेछ।

८. लागत साझेदारी योजनाहरू मात्र उपभोक्ता समितिबाट सञ्चालन गरिनेछ र उपभोक्ता समितिलाई आवश्यक तालिम दिएपछि मात्र योजना सम्झौता र कार्यान्वयनको व्यवस्था गरिनेछ।

९. गुणस्तरीय निर्माण गर्ने कम्पनीलाई पुरस्कृत गरिनेछ भने समयमा काम नगर्ने निर्माण व्यवसायीलाई जरिवाना र कालोसूचीमा राखिनेछ।

१०. एकीकृत शहरी/वस्ति विकास योजनाका पूर्वाधार निर्माणमा सरकार र साझेदारहरूसँग सहकार्य गरिनेछ तथा सुरक्षित र रोजगारीमूलक स्थानमा सहुलियत आवास योजना लागू गरिनेछ।

११. राष्ट्रिय भवन संहिता पूर्ण कार्यान्वयन गरिनेछ, आवासीय क्षेत्रमा "एक घर-एक बिरुवा" नीति लागू गरिनेछ।

## सूचना तथा संचार सम्बन्धी नीति

१. गाउँपालिकाका सेवा प्रवाह, योजना तथा कार्यक्रमहरूलाई पारदर्शी र प्रविधिमैत्री बनाउन सूचना प्रविधिको अधिकतम उपयोग गर्ने नीति लिइनेछ। सरकारी सेवाहरू सकेसम्म डिजिटल प्लेटफर्मबाट उपलब्ध गराइनेछ

२. पालिका र वडा कार्यालयहरूका गतिविधि, निर्णय तथा सार्वजनिक महत्त्वका सूचनाहरूलाई आधिकारिक वेबसाइट एवं सामाजिक सञ्जाल मार्फत एकीकृत रूपमा प्रवाह गरी सञ्चार प्रणालीलाई थप प्रभावकारी बनाइनेछ।

३. आम नागरिकहरूको सूचनाको हकलाई सुनिश्चित र पूर्ण रूपमा कार्यान्वयन गर्न गाउँपालिका तथा वडा स्तरमा 'सूचना अधिकारी' र 'प्रवक्ता' को व्यवस्थालाई थप क्रियाशील, उत्तरदायी र संस्थागत बनाइनेछ।

४. गाउँपालिकाका सेवा प्रवाह तथा विकास निर्माणका कार्यहरूबारे नागरिकका गुनासा, सरोकार र सुझावहरू तत्काल सङ्कलन एवं सम्बोधन गर्न डिजिटल डिस्प्ले र अनलाइन पोर्टल सहितको 'डिजिटल गुनासो सुनुवाइ संयन्त्र' स्थापना गरिनेछ।

५. गाउँपालिकाका सार्वजनिक सेवाहरू अनलाइन तथा डिजिटल माध्यमबाट लिन नागरिकहरूलाई सघाउने र सक्षम बनाउने उद्देश्यले ग्रामीण क्षेत्रका युवा, महिला, दलित र विपन्न समुदायलाई लक्षित गरी 'डिजिटल साक्षरता अभियान' सञ्चालन गरिनेछ।

६. गाउँपालिका र मातहतका कार्यालयहरूबाट सम्पादन हुने सम्पूर्ण सार्वजनिक खरिद, बोलपत्र (टेन्डर) र ठेक्का प्रक्रियालाई पूर्ण रूपमा विद्युतीय सरकारी प्रणाली (e-GP) मार्फत सञ्चालन गरी आर्थिक सुशासन र पारदर्शिता कायम गरिनेछ।

७. गाउँपालिकाको समग्र सूचना तथा सञ्चार क्षेत्रलाई व्यवस्थित, मर्यादित र उत्तरदायी बनाउन आवश्यक स्थानीय कानुन तथा 'स्थानीय सञ्चार कार्यविधि/नीति' तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

८. गाउँपालिका भित्रका महत्त्वपूर्ण सूचना, तथ्याङ्क र ऐतिहासिक अभिलेखहरूलाई सुरक्षित राख्न, साइबर सुरक्षाको जोखिम न्यूनीकरण गर्न र डाटाहरू नष्ट हुन नदिन 'केन्द्रीय सूचना तथा तथ्याङ्क भण्डार' एवं क्लाउड ब्याकअप प्रणालीको सुदृढीकरण गरिनेछ।

## कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति

१. "न्याय सम्पादन ढिलो हुनु, न्याय नपाउनु सरह हो" भन्ने मान्य सिद्धान्तअनुसार न्यायिक समितिको क्षेत्राधिकारभित्रका विवाद तथा मुद्दाहरूलाई छिटो, पारदर्शी, सर्वसुलभ र प्रभावकारी रूपमा निरूपण गर्न आवश्यक स्थानीय नीति तथा कानुन तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

२. गाउँपालिकाका ६ वटै वडाहरूमा रहेका मेलमिलाप केन्द्रहरूलाई संस्थागत रूपमा सुदृढ गरिनेछ र "विवादको साटो मेलमिलाप" को नीति अनुरूप स्थानीय विवादहरूलाई वडास्तरमै निरूपण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

३. स्थानीय तहका जनप्रतिनिधिहरू, न्यायिक समितिका पदाधिकारीहरू तथा सम्बद्ध कर्मचारीहरूको क्षमता विकासका लागि न्यायिक अधिकार, स्थानीय सरकार सञ्चालन ऐन तथा नयाँ कानुनी व्यवस्थाहरू सम्बन्धी निरन्तर प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

४. सूचीकृत मेलमिलापकर्ताहरूका लागि कानुनी ज्ञान सम्बन्धी पुनर्ताजकी तालिम सञ्चालन गरिनेछ; साथै एकल महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र पछाडि पारिएका वर्गहरूका लागि स्थानीय कानुन र अधिकार सम्बन्धी सचेतनामूलक प्रशिक्षण दिइनेछ।

५. एकल महिला, विपन्न, र अपाङ्गता भएका व्यक्तिहरूलाई न्यायिक समितिमा निवेदन दर्ता गर्दा पूर्ण रूपमा निःशुल्क व्यवस्था मिलाइनेछ र आर्थिक अभावका कारण न्याय पाउनबाट कोही पनि वञ्चित हुन नपरोस् भनी विपन्न वर्गका लागि 'कानुनी उपचार राहत कोष' स्थापना गरिनेछ।
६. न्यायिक समितिको कार्यप्रणाली, उजुरी दर्ता, म्याद तामेली र अभिलेख व्यवस्थापन सहितको समग्र न्याय सम्पादन प्रक्रियालाई थप व्यवस्थित, सुरक्षित र आधुनिक बनाउन डिजिटल प्रणाली लागू गरिनेछ।
७. गाउँसभाबाट हालसम्म निर्मित तथा जारी भएका सम्पूर्ण ऐन, नियम, निर्देशिका र कार्यविधिहरूलाई एकीकृत रूपमा व्यवस्थित गरी 'स्थानीय कानुन सङ्ग्रह' प्रकाशन गरिनेछ।
८. मेलमिलाप तथा मध्यस्थताबाट समाधान हुन नसकेका मुद्दाहरूको समयमै सुनुवाइ र किनारा लगाउन न्यायिक समितिको कार्यलाई थप चुस्त बनाइनेछ तथा गाउँपालिकाभित्र मानव अधिकारको पूर्ण संरक्षण र प्रवर्द्धनका लागि लक्षित नीति, कानुन र सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

## सुशासन, सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति

१. श्रमिकलाई सामाजिक सुरक्षा कोषमा अनिवार्य समावेश गराउने नेपाल सरकारले गरेको निर्णय अनुरूप गाउँपालिकाका सबै ज्यालादारी तथा करार कर्मचारीलाई कोषमा निरन्तरता दिइनेछ र निजी क्षेत्रका श्रमिकलाई पनि आबद्ध गराउन रोजगारदातासँग आवश्यक पहल गरिनेछ।
२. गाउँपालिकाबाट भूमि प्रशासन सम्बन्धी (मालपोत तथा नापी) सेवा विस्तार गरिनेछ।
३. दलित, थारु, जनजाति, द्वन्द्व पीडित, आर्थिक अवस्था कमजोर भएका खस आर्य, भूमिहीन सुकुम्बासी र मुक्त कमैया लगायतका सीमान्तकृत वर्गको सरकारी सेवा प्रवेशमा सहयोग पुर्‍याउने उदेश्य राखी लोकसेवा तयारी सम्बन्धी कक्षा कार्यक्रम संचालन गरिनेछ।
४. सेवा प्रवाहमा व्यापक सुधारका लागि गाउँपालिकाका विषयगत शाखाहरूलाई साधन-स्रोतयुक्त बनाइनेछ र मानव संशाधन अपर्याप्त भएका क्षेत्रमा विज्ञहरूलाई सहजकर्ता वा विशेषज्ञको रूपमा प्रयोग गरिनेछ।
५. गाउँपालिकाका जनप्रतिनिधि तथा सबै सेवा, समूह र तहका कर्मचारीहरूको कार्यदक्षता एवं व्यावसायिक क्षमता विकासका लागि नियमित रूपमा विशेष तालिम, अभिमुखीकरण, कार्यशाला, गोष्ठी तथा अध्ययन भ्रमण जस्ता क्षमता विकासका कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरिनेछ, जसले योजना निर्माण, कार्यान्वयन, सुपरिवेक्षण, शासकीय प्रबन्ध र सेवा प्रवाहमा उच्च गुणस्तरीयता सुनिश्चित गर्नेछ।
६. आवश्यक ऐन, नियम, कार्यविधि र मापदण्डहरू बनाई सुशासन र विधिको शासन कायम गरिनेछ; साथै सम्पत्ति व्यवस्थापन सूचना प्रणाली (PAMS) लाई प्रभावकारी बनाइनेछ।
७. सेवा प्रवाह र विकास निर्माणका कार्यमा भ्रष्टाचार, अपारदर्शिता र ढिलासुस्तीमा शून्य सहनशीलता नीति कडाइका साथ लागू गरिनेछ र नागरिकका गुनासा तथा सुझाव संकलनका लागि सुझाव पेटिका व्यवस्थित गरिनेछ।
८. गाउँपालिकाको प्रशासन, योजना, लेखा, नक्सा र राजस्व लगायतका सम्पूर्ण सेवा प्रवाहलाई अत्याधुनिक सफ्टवेयर प्रणालीमा आबद्ध गरी चुस्त, सुरक्षित र प्रविधिमैत्री डिजिटल प्रणाली लागू गर्ने नीति लिइनेछ।
९. सार्वजनिक खर्चलाई नतिजामुखी बनाउन मध्यकालीन खर्च संरचना (MTEF) प्रयोग गरिनेछ, बाँकी बक्यौता, पेश्की र बेरुजु कडाइका साथ फछ्यौट गरिनेछ र मासिक आय-व्यय पालिका तथा वडाको सूचनापाटी र वेबसाइटमा प्रकाशित गरिनेछ।

## वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति

१. गाउँपालिकामा स्वच्छ खानेपानी वितरण प्रणाली सुदृढ गर्दै खानेपानी समस्याको तत्कालीन, अल्पकालीन र दीर्घकालीन समाधानका लागि नयाँ स्रोतको खोजी र **NWASH** योजना कार्यान्वयनलाई थप व्यवस्थित गरिनेछ।
२. सडक तथा सार्वजनिक स्थानहरूलाई हरियाली, सुन्दर र सफा राखिनेछ र यसका लागि सार्वजनिक शौचालय निर्माण तथा सञ्चालन कार्यलाई अभियानका रूपमा अगाडि बढाइनेछ।
३. फोहोर संकलन, सरसफाइ व्यवस्थापन र समग्र प्रणालीलाई प्रभावकारी बनाउन टोल विकास समिति, सामुदायिक संस्था, स्वयंसेवक, सामाजिक संस्था र निजी क्षेत्रलाई प्रोत्साहन गर्दै सहकार्य गरिनेछ भने फोहोर प्रशोधन सञ्चालनका लागि सार्वजनिक-निजी साझेदारी (PPP) नीति लिइनेछ।
४. प्लास्टिक झोलाको प्रयोगलाई निरुत्साहित गरी फोहोर नियन्त्रण गरिनेछ भने फोहोर व्यवस्थापनमा सम्बन्धित निकायलाई जिम्मेवार बनाई जथाभाबी फोहोर फाल्नेलाई जरिवाना गरिनेछ।
५. बर्दगोरिया गाउँपालिका विपद् जोखिम न्यूनीकरण रणनीति योजना तथा कार्ययोजना, २०८१ लाई स्वीकृत तथा अनुमोदन गर्दै सोहि अनुरुपका क्रियाकलाप संचालनमा जोड दिइनेछ ।
६. खाली जग्गा, तालतलैया र प्राकृतिक डाँडाकाँडाहरूमा वृक्षारोपण तथा हरियाली प्रवर्द्धन गर्दै गाउँपालिकालाई वातावरणमैत्री घोषणा गर्ने गरी कार्य सञ्चालन गरिनेछ र पोखरी तथा तालतलैयाहरूको संरक्षण र ठेक्का व्यवस्थापन मार्फत गाउँपालिकाको राजस्व वृद्धि गरिनेछ।
७. पूर्वाधार आयोजनाहरूको वातावरणीय प्रभाव मूल्याङ्कन (IEE/EIA) लाई व्यवस्थित गरिनेछ, पूर्वाधार विकासमा विपद् जोखिम न्यूनीकरण नीतिको अनिवार्य पालना गरिनेछ, र सुरक्षित समुदायका लागि भूकम्प प्रतिरोधी भवन निर्माणलाई प्राथमिकता दिइनेछ।
८. जलवायु परिवर्तन अनुकूलन, खाद्य उत्पादनको संरक्षण र जलाधार क्षेत्रको अतिक्रमण नियन्त्रण गरिनेछ; साथै जोखिमयुक्त रुखहरूको उचित व्यवस्थापन र पहिरो तथा नदी नियन्त्रणका कार्यहरू गर्दै नदीजन्य पदार्थको अवैध दोहन पूर्ण रूपमा नियन्त्रण गरिनेछ।
९. आधुनिक भू-सूचना प्रणालीमार्फत जोखिम क्षेत्रको वैज्ञानिक पहिचान र विश्लेषण गरिनेछ तथा पहिचान भएका संवेदनशील क्षेत्रहरूमा विशिष्ट विपद् प्रतिकार्य कार्यक्रमहरू सञ्चालन गरिनेछ।
१०. विपद् आउनुपूर्वको तयारी, उद्धार कार्य, राहत सामग्रीहरूको सुरक्षित भण्डारण र प्रभावकारी राहत व्यवस्थापनका लागि स्पष्ट समन्वय नीति अवलम्बन गरिनेछ; साथै गाउँपालिकामा दमकल खरिदको लागि विशेष पहल गरिनेछ, स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रलाई अझै सक्रिय बनाइ विपद् व्यवस्थापन कोषको प्रभावकारी परिचालन गरिनेछ।
११. दिगो फोहोर मैला व्यवस्थापनका लागि फोहोर प्रशोधन सञ्चालनमा सार्वजनिक-निजी साझेदारी नीति लिइनेछ, वातावरण र विपद् व्यवस्थापनमा सबै सरोकारवाला निकायहरूसँग सहकार्य गरिनेछ, र लागुऔषध, सडक दुर्घटना तथा आत्महत्या नियन्त्रणका लागि व्यापक जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

## कर सेवा शुल्क राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम

१. आन्तरिक आय स्रोतहरूको सम्भाव्यता अध्ययन, राजस्व बाँडफाँड, अन्तर-सरकारी वित्तीय हस्तान्तरण र गैर-सरकारी संस्थाहरूसँग समन्वय गरी स्रोत परिचालन गरिनेछ तथा प्रशासनिक खर्च मितव्ययी बनाई आन्तरिक स्रोतले चालु खर्च धान्ने नीति अपनाइनेछ।

२. समाजमा व्याप्त आर्थिक असमानता न्यूनीकरण गर्न न्यूनतम कर दर कायम गरी करको दायरा विस्तार गरिनेछ र प्रगतिशील कर प्रणाली अनुरूप नयाँ कर क्षेत्रहरू पहिचान गरिनेछ।
३. वडा कार्यालयसँग समन्वय गरी घरधनी र बहालवालाको अभिलेख तथा तथ्याङ्क अद्यावधिक गरिनेछ र न्यूनतम दर निर्धारण गरी घर बहाल कर चुहावटलाई कडाइका साथ नियन्त्रण गरिनेछ।
४. सङ्घीय/प्रदेश कानुन अनुसार नदीजन्य पदार्थ उत्खनन र बिक्रीको वैकल्पिक एवं दिगो विधि लागू गरिनेछ।
५. कर प्रशासनलाई सूचना प्रविधिमैत्री र करदातामैत्री बनाइनेछ, करदातालाई कर दायित्व र समयसीमाबारे विद्युतीय सन्देशमार्फत जानकारी दिइनेछ र विभिन्न विषयगत सफ्टवेयर तथा विद्युतीय प्रणालीमा कार्यरत कर्मचारीहरूका लागि तालिम सञ्चालन गरिनेछ।
६. नागरिकहरूमा कर चेतना अभिवृद्धिका लागि करदाता शिक्षा र अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ; कर र गैर-कर राजस्वको प्रभावकारी अनुगमनका लागि विशेष टोली गठन गरी नियमन गरिनेछ र नियमित एवं उत्कृष्ट करदातालाई वार्षिक रूपमा सम्मानित गरिनेछ।
७. आवासीय र खेतीयोग्य जग्गाको वर्गीकरणलाई थप व्यवस्थित गरिनेछ, अव्यवस्थित बसोबासमा प्रगतिशील घरधुरी कर लागू गरिनेछ र एकीकृत सम्पत्ति तथा बहाल बिटौरी कर व्यवस्थित रूपमा कार्यान्वयनमा ल्याइनेछ।
८. निर्माण भइसकेका घरहरूको अभिलेख दर्ता खुल्ला गरी अभिलेखीकरण गरिनेछ र घर नक्सा पास, प्रमाणीकरण, र सिफारिस प्रक्रियालाई सहज र सरल बनाइनेछ।
९. एकद्वार प्रणालीमार्फत गैर-सरकारी संस्थाहरूको बजेट र कार्यक्रम समयमै पेश गर्ने व्यवस्था गरिनेछ।

**गाउँसभाका सदस्यहरु,**

अन्त्यमा,

आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्तावित यस नीति तथा कार्यक्रमले "समृद्ध र सबल बर्दगोरिया गाउँपालिका" निर्माण गर्ने हाम्रो सङ्कल्पलाई साकार तुल्याउन महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिएको छु। हाम्रो कार्यकालको चार वर्षको अवधिमा हामीले गाउँपालिकाबासीको प्राथमिकता एवम् आवश्यकतालाई सम्बोधन गर्न विभिन्न लोककल्याणकारी कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेका छौं। यद्यपि, यहाँहरूको विशिष्ट अपेक्षा, आशा र भरोसा बमोजिमका सबै कार्यक्रमहरू विविध प्राविधिक कारणले तत्काल सोचेजति द्रुत गतिमा सञ्चालन हुन नसकेका पनि हुन सक्छन्।

तर, हामी रोकिएका छैनौं। यहाँहरूको त्यो अटुट विश्वास र भरोसालाई सम्बोधन गर्न हामी सङ्घ तथा प्रदेश सरकार एवम् सम्पूर्ण विकास साझेदारहरूसँग समेत हातेमालो गर्दै निरन्तर क्रियाशील छौं। यसैको निरन्तरता स्वरूप आगामी आर्थिक वर्ष २०८३/८४ का लागि यो नीति तथा कार्यक्रम यहाँहरूमाझ प्रस्तुत गरेका छौं। यसको प्रभावकारी कार्यान्वयनका लागि आम बर्दगोरियाबासी आदरणीय मतदाता, निजी क्षेत्र, नागरिक समाज, सञ्चार जगत्, विभिन्न सङ्घसंस्था, राष्ट्रसेवक कर्मचारी, बुद्धिजीवी एवम् प्रबुद्ध वर्ग, राजनीतिक दलका साथै सङ्घ तथा प्रदेश सरकार सबैलाई आ-आफ्नो क्षेत्रबाट सक्दो रचनात्मक सहयोग गरिदिनुहुन हार्दिक अपिल गर्दछु।

**धन्यवाद।**

**संवत २०८३ साल असार ९ गते रोज ३ शुभम्।**

**आज्ञाले**

मिथुन गौतम
गाउँसभा सदस्य एवम् वडा अध्यक्ष वडा नं.१

**गाउँपालिकाका वडा अध्यक्ष श्री मिथुन गौतमज्यूबाट मिति २०८३ असार १० गते बुधबारका दिन गाउँ सभाको १८औं अधिवेशनमा प्रस्तूत आ.व. २०८३/०८४ को बजेट वक्तव्य**

**गाउँ सभाका अध्यक्ष ज्यू,**
**विशेष अतिथि राष्ट्रिय सभाका उपाध्यक्ष ज्यू,**
**सभाका सदस्यज्यूहरू**

नेपालको संविधानको धारा २३० को व्यवस्था बमोजिम प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान स्थानीय कानुन अनुरूप गाउँ सभामा पेश गरी पारित गराउनु पर्ने तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ अनुसार आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र सभामा पेश गर्नु पर्ने कानुनी प्रावधान रहेको छ। सोही कानुनी मर्म र भावनालाई आत्मसात् गर्दै यस गरिमामय गाउँ सभाको १८औं अधिवेशनमा बर्दगोरिया गाउँपालिकाबासीको सुशासन, विकास र समृद्धिको जनआकाङ्क्षालाई सम्बोधन गर्ने गरी तयार पारिएको आगामी आर्थिक वर्ष २०८३/८४ को वार्षिक बजेट तथा कार्यक्रम यस सम्मानित सभा समक्ष प्रस्तुत गर्न अनुमति चाहन्छु। सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि भएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र सङ्घर्ष तथा न्यायपूर्ण आन्दोलनहरूमा आफ्नो अमूल्य जीवनको आहुति दिनुहुने सम्पूर्ण ज्ञात–अज्ञात अमर सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै सहिद परिवारजनमा उच्च सम्मान प्रकट गर्दछु। मुलुकको सार्वभौमिकता, स्वाधीनता, भौगोलिक अखण्डता तथा राष्ट्रिय स्वाभिमानको रक्षा गर्दै राष्ट्रिय एकता, लोकतन्त्र, सामाजिक न्याय, समानता, दिगो विकास, सुशासन र समतामूलक राष्ट्र निर्माणका लागि योगदान पुऱ्याउनुहुने जनआन्दोलनका घाइते, बेपत्ता नागरिक, नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने आदरणीय अग्रज व्यक्तित्वहरूको उच्च योगदानको आदरपूर्वक स्मरण गर्न चाहन्छु।

आगामी आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्तुत यो बजेट स्थानीय तहको दोस्रो निर्वाचन पश्चात् जनअनुमोदित स्थानीय सरकारका जनप्रतिनिधिहरूको कार्यकालको पाँचौ बजेट हो। यस बजेटको सफल कार्यान्वयनबाट बर्दगोरिया गाउँपालिकाको समग्र विकास, सुशासनको सुदृढीकरण, प्रभावकारी सेवा प्रवाह एवम् समृद्धिको दिशामा गाउँपालिकाबासीले राख्नुभएको भरोसा र चाहना पूरा हुने अटल विश्वास लिएको छु। प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधानमा व्यवस्थित स्थानीय तहका एकल तथा साझा अधिकारको सूची, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वलाई केन्द्रमा राखिएको छ। यसका साथै राष्ट्रिय १६औं आवधिक योजना, सुदूरपश्चिम प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना, स्थानीय तह योजना तर्जुमा दिग्दर्शन, दिगो विकास लक्ष्यहरू, गाउँपालिकाबाट समय–समयमा जारी भएका नीति तथा कानुन एवं नेपाल सरकार र सुदूरपश्चिम प्रदेश सरकारको आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमका मार्गदर्शनहरूलाई मुख्य आधारका रूपमा लिइएको छ।

यस बजेट निर्माणको महत्त्वपूर्ण प्रक्रियामा मार्गदर्शन गर्नुहुने विभिन्न राजनीतिक दल, राजस्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा योजना तर्जुमा समिति, सम्पूर्ण विषयगत समितिहरू, कार्यपालिकाका आदरणीय सदस्यहरू एवं विषयगत शाखाहरूको राय–सुझावलाई मुख्य आधार बनाइएको छ। साथै निजी तथा सहकारी क्षेत्र, स्थानीय विज्ञ, नागरिक समाज र आम बर्दगोरिया गाउँपालिकाबासी आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरूबाट प्राप्त अमूल्य एवं रचनात्मक सुझावहरूलाई समेत यसमा यथोचित समावेश गरेको छु। उपलब्ध स्रोत र साधनको सीमाभित्र रही "आय बमोजिमको

वस्तुपरक र प्रभावकारी व्यय" गर्ने रणनीतिसहित गाउँपालिकाको समृद्धितर्फको यात्रालाई गति दिन आगामी आ.व. २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रमको प्राथमिकताका आधारमा यो बजेट विनियोजन गरिएको ब्यहोरा यस गरिमामय सभा समक्ष स्पष्ट पार्न चाहन्छु।

**गाउँ सभाका अध्यक्ष महोदय,**

**विशेष अतिथि राष्ट्रिय सभाका उपाध्यक्ष ज्यू,**

**गाउँ सभाका सदस्यहरू,**

## १. चालू आर्थिक वर्ष २०८२/८३ को जेठ मसान्तसम्मको संक्षिप्त समीक्षा

अब म यस सम्मानित सभा समक्ष चालू आर्थिक वर्ष २०८२/८३ को जेठ मसान्त सम्मको संशोधित आय-व्ययको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

- **संशोधित कूल आय प्राप्तिः** चालू आर्थिक वर्ष २०८२/८३ को प्रक्षेपित कुल आय रु. ७७ करोड ६९ लाख ४२ हजार मध्ये आर्थिक वर्षको जेठ मसान्त सम्म रु. ५६ करोड ७४ लाख १ हजार ४ सय ४० (५६,७४,०१,४२१) प्राप्त भएको छ। जसको विस्तृत वर्गीकरण निम्नानुसार रहेको छः
    - *आन्तरिक स्रोतः* रु. २ करोड ६३ लाख २ हजार ३ सय १२
    - *अन्तरसरकारी वित्तीय हस्तान्तरणः* रु. ४४ करोड ६० लाख ९१ हजार ७ सय ३१
    - *राजस्व बाँडफाँडः* रु. ९ करोड ५० लाख ७ हजार ३ सय ७७
    - *सामाजिक सुरक्षा तर्फः* रु. ११ करोड ३४ लाख ४१ हजार ४ सय ९८
    - *अघिल्लो वर्षबाट सरेर आएको मौज्दात (अ.ल्या.):* रु. २ करोड २१ लाख ६५ हजार २ सय ८
- **संशोधित कूल खर्च स्थितिः** चालू आर्थिक वर्ष २०८२/८३ को जेठ मसान्तसम्म रु. ४२ करोड ९८ लाख ३४ हजार ८ सय ५ (४२,९८,३४,८०५) खर्च भएको छ, जुन अनुमानित बजेटको ५६ प्रतिशत हुन आउँछ। कूल खर्च मध्येः
    - *चालू तर्फ खर्चः* रु. २६ करोड ६६ लाख ४० हजार ७ सय ७१ (७० प्रतिशत)। (नोटः चालू खर्चको यस अंकमा *सामाजिक सुरक्षा तर्फः* रु. ११ करोड ३४ लाख ४१ हजार ४ सय ९८ समावेश गरिएको छैन)।
    - *पूँजीगत तर्फ खर्चः* रु. १६ करोड ३१ लाख ९४ हजार ३४ (करिब ४२ प्रतिशत)।

## २. बजेट प्रणालीका प्रमुख चुनौतीहरू

हाम्रो उपलब्ध सीमित स्रोत र साधन तथा यसको विपरीत बढ्दो जनअपेक्षाका बीच सन्तुलन कायम गर्दै पालिकाको बजेट प्रणालीलाई विश्वसनीय बनाउनु आजको मुख्य चुनौती रहेको छ। राजस्वका सम्भाव्य क्षेत्रहरूको पहिचान गरी गाउँपालिकाको आन्तरिक राजस्वको दायरा फराकिलो बनाउनु र राजस्व चुहावट नियन्त्रण गर्दै आन्तरिक आयमा आत्मनिर्भरता बढाउनु अपरिहार्य देखिएको छ। अर्कोतर्फ, नेपाल सरकार एवम् सुदूरपश्चिम प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान र राजस्व बाँडफाँडमा आएको राष्ट्रिय संकुचनका बीच पालिकाका गौरवका र प्राथमिकता प्राप्त योजना तथा कार्यक्रमहरूलाई निरन्तरता दिनु चुनौतीपूर्ण बनेको छ। यसै गरी, प्रशासनिक तथा अनुत्पादक प्रकृतिका चालू खर्चलाई वाञ्छित सीमा भित्र कडा रूपमा नियन्त्रण गर्दै विकास निर्माणका लागि पूँजीगत खर्च र विकासको दरलाई बढाउनु उत्तिकै आवश्यक छ।

यसका अतिरिक्त, सीमित बजेटलाई टुक्रे योजनाहरूमा छरिनबाट रोकी नतिजामूलक र रणनीतिक आयोजनाहरूमा प्राथमिकीकरण गर्नु तथा विगतका अधुरा योजनाहरूको सिर्जित दायित्व समयमै फछ्र्यौट

गर्नु अर्को टड्कारो चुनौतीको रूपमा रहेको छ। स्थानीय स्तरमा विनियोजित बजेटको समयबद्ध र पूर्ण कार्यान्वयन सुनिश्चित गर्न प्राविधिक तथा संस्थागत क्षमताको सुदृढीकरण गर्दै आयोजनाहरू समयमै सम्पन्न गराउनु र चालु आर्थिक वर्षको अन्त्यमा हतारमा खर्च गर्ने परिपाटीलाई निरुत्साहित गरी वित्तीय अनुशासन कायम राख्नु आजको प्रमुख आवश्यकता हो। यिनै वित्तीय सीमा, वस्तुस्थितिको गम्भीरता र चुनौतीहरूलाई मनन गर्दै आगामी आर्थिक वर्ष २०८३/८४ को यो बजेट तर्जुमा गरिएको ब्यहोरा अनुरोध गर्दछु।

**गाउँसभाका अध्यक्ष महोदय,**
**विशेष अतिथि राष्ट्रिय सभाका उपाध्यक्ष ज्यू,**
**गाउँसभा सदस्यहरू,**

## ३. आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटका उद्देश्य तथा प्राथमिकताहरू

### ३.१ बजेटका उद्देश्यहरूः

- शिक्षा, स्वास्थ्य, स्वच्छ खानेपानी, पर्यावरण र सरसफाइमा व्यापक सुधार गरी सेवाको गुणस्तरीयता बढाउने तथा यी आधारभूत आवश्यकताहरूमा सबै नागरिकको समतामूलक र सहज पहुँच सुनिश्चित गर्ने।
- कृषिको विविधीकरण, आधुनिक प्रविधिको प्रयोग, यान्त्रीकीकरण, व्यवसायीकरण र उचित बजारीकरणमा जोड दिँदै स्थानीय कृषि उत्पादन बढाउने तथा कृषिमा आधारित लघु र साना उद्योगहरूको प्रवर्द्धन मार्फत स्थानीय स्तरमै पर्याप्त स्वरोजगारीका अवसरहरू सिर्जना गर्ने।
- गाउँपालिका र मातहतका वडा कार्यालयहरूबाट प्रदान गरिने सार्वजनिक सेवा प्रवाहलाई पूर्ण रूपमा सूचना प्रविधिमैत्री र सेवाग्राहीमुखी बनाई छिटो, छरितो र पारदर्शी सेवाको प्रत्याभूति गर्ने।
- जथाभाबी पूर्वाधार निर्माण गर्ने परिपाटीलाई निरुत्साहित गर्दै विस्तृत अध्ययन र योजनाका आधारमा मात्र दिगो, टिकाउ, वातावरणमैत्री र नागरिकको जीवनस्तर उकास्ने खालका प्रतिफलमुखी भौतिक पूर्वाधार निर्माणमा ध्यान केन्द्रित गर्ने।
- सुशासनका सूचकहरूलाई सुदृढ गर्दै भ्रष्टाचारमुक्त र उत्तरदायी शासन व्यवस्था कायम गर्ने, तथा महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति र पछाडि पारिएका वर्गको उत्थान मार्फत सामाजिक न्याय र समतामूलक आर्थिक समृद्धि हासिल गर्ने।
- गाउँपालिका भित्र रहेका प्राकृतिक, ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण एवं प्रवर्द्धन गरी बर्दगोरियालाई आन्तरिक तथा बाह्य पर्यटनको केन्द्रका रूपमा विकास गर्ने र स्थानीय प्राकृतिक स्रोतको दिगो उपयोगबाट आन्तरिक आय सुदृढ गर्ने।
- जलवायु परिवर्तनले सिर्जना गरेका चुनौतीहरूको सामना गर्न स्थानीय स्तरमा अनुकूलनका कार्यक्रमहरू सञ्चालन गर्ने, पर्यावरण संरक्षण गर्ने र सम्भावित विपद् (बाढी, डुबान, आगलागी आदि) को पूर्वतयारी, प्रतिकार्य तथा दिगो व्यवस्थापनका लागि संस्थागत क्षमता विकास गर्ने।
- स्थानीय युवाहरूको सीप, क्षमता र ऊर्जालाई गाउँपालिकाको विकासमा परिचालन गर्न प्राविधिक तथा व्यावसायिक शिक्षामा जोड दिने र खेलकुद पूर्वाधारको विकास गर्दै युवाहरूलाई दुर्व्यसनमुक्त, अनुशासित र उत्पादनशील नागरिकका रूपमा स्थापित गर्ने।

### ३.२ बजेटका प्राथमिकताहरूः

- सामुदायिक विद्यालयहरूको भौतिक तथा डिजिटल पूर्वाधार सुधार, गुणस्तरीय एवं जीवनोपयोगी प्राविधिक शिक्षामा जोड, सर्वसुलभ एवं भरपर्दो स्वास्थ्य सेवाको ग्यारेन्टी, र प्रत्येक घरधुरीमा स्वच्छ खानेपानी तथा पूर्ण सरसफाइको उपलब्धता।

- गाउँपालिकाका गौरवका आयोजना र रणनीतिक सडकहरूको स्तरोन्नति, योजनाबद्ध सहरीकरण, वातावरणीय सन्तुलनका लागि हरित पूर्वाधार निर्माण, जैविक विविधताको संरक्षण, र सम्भावित विपद् (बाढी, डुबान, कटान आदि) को अल्पकालीन तथा दीर्घकालीन व्यवस्थापन र पूर्वतयारी।
- कृषिको विविधीकरण, यान्त्रीकीकरण र आधुनिक भण्डारण (शितभण्डार) को व्यवस्था, रैथाने बालीको संरक्षण, स्थानीय पर्यटन क्षेत्रको पहिचान, प्रवर्द्धन एवं पूर्वाधार विकास, र उत्पादनशील क्षेत्रमा सहकारीको परिचालन।
- महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक एवं सीमान्तकृत समुदायको अधिकार संरक्षण, सीपमूलक तालिम मार्फत आर्थिक आत्मनिर्भरता, नेतृत्व विकास, र सम्मानजनक जीवनयापनका लागि विशेष संरक्षण कार्यक्रम।
- गाउँपालिका र वडास्तरका सेवाहरूलाई पूर्ण प्रविधिमैत्री बनाउने, सार्वजनिक निकायहरूमा पारदर्शिता, जवाफदेहिता र सदाचारिताको प्रवर्द्धन, नागरिक सन्तुष्टिको अभिवृद्धि, र लक्षित उद्यमशीलता मार्फत गरिबी निवारण।
- स्थानीय युवाहरूको ऊर्जा र क्षमतालाई गाउँको विकासमा जोड्न स्वरोजगार कार्यक्रमको सञ्चालन, नवप्रवर्तनको प्रोत्साहन र कुलत तथा दुर्व्यसनमुक्त समाज निर्माण।
- गाउँपालिका स्तरमा खेलकुदका पूर्वाधारहरू (खेलमैदान, कभर्डहल आदि) को निर्माण तथा स्तरोन्नति, स्थानीय स्तरबाटै प्रतिभावान खेलाडीहरूको पहिचान, प्रशिक्षण र प्रोत्साहनका लागि विभिन्न प्रतियोगिताहरूको आयोजना।
- स्थानीय कच्चा पदार्थमा आधारित साना, घरेलु तथा मझौला उद्योगहरूको स्थापना र प्रवर्द्धन, 'एक वडा, एक विशिष्ट उत्पादन' नीति मार्फत रोजगारी सिर्जना, र राजस्व चुहावट नियन्त्रण गर्दै गाउँपालिकाको आन्तरिक आयको स्रोत र दायरा विस्तार।

## ४. बजेट कार्यान्वयन र कार्यसञ्चालन सम्बन्धी नीतिगत सुधारहरू

- बस्ती, टोल हुँदै वडास्तरबाट सात चरणको योजना तर्जुमा प्रक्रिया र प्राथमिकीकरणका आधारमा माग भई आएका जनताका वास्तविक आवश्यकतासँग जोडिएका योजनाहरूलाई मात्र बजेट विनियोजन गर्ने परिपाटी कडाइका साथ लागू गरिनेछ।
- अल्पसंख्यक समुदाय, दलित, **थारु**, महिला, आदिवासी जनजाति, अपाङ्गता भएका नागरिक, पिछडिएका वर्ग तथा सीमान्तकृत समुदायको हित, उत्थान र आर्थिक सबलीकरणका लागि सकारात्मक विभेद र लक्षित बजेटिङको सिद्धान्त अवलम्बन गरी विशेष रूपान्तरणकारी कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- ठूला तथा रणनीतिक आयोजनाहरू निर्माण गर्दा विस्तृत परियोजना प्रतिवेदन (DPR), वातावरणीय प्रभाव मूल्याङ्कन (EIA/IEE), जग्गाको उपलब्धता र मुआब्जा विवाद निरूपण जस्ता पूर्वतयारीका कार्य पूर्ण रूपमा सम्पन्न गरेर मात्र आयोजना बैंकमा समावेश गरी बजेट विनियोजन गर्ने व्यवस्था मिलाइनेछ।
- आयोजनाहरू स्वीकृत गर्दा मध्यमकालीन खर्च संरचना (MTEF) सँग आबद्ध गरी स्रोतको सुनिश्चितता गरेर मात्र खरिद प्रक्रिया अगाडि बढाउने कडा नीति लिइनेछ।
- आयोजनाको ठेक्का लिई तोकिएको समय अगावै, म्याद थप नगरी र उच्च गुणस्तरका साथ कार्य सम्पन्न गर्ने निर्माण व्यवसायीहरूलाई सार्वजनिक रूपमा पुरस्कृत गरिनेछ भने सम्झौता उल्लंघन गर्ने र कार्य ढिलासुस्ती गर्ने फर्महरूलाई कानुन बमोजिम कडा कारबाही र कालोसूचीको प्रक्रिया अगाडि बढाइनेछ।

- गाउँपालिकाको दिगो र सन्तुलित विकासका लागि नेपाल सरकार, सुदूरपश्चिम प्रदेश सरकार, तथा अन्य दातृ एवं गैरसरकारी संस्थाहरूसँग घनिष्ठ समन्वय र सहकार्य गर्दै स्रोतको क्षयीकरण रोक्न कार्यक्रम र बजेटमा हुने दोहोरोपन पूर्ण रूपमा अन्त्य गरिनेछ।
- प्रस्तुत बजेट तथा कार्यक्रमको चुस्त कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि, निर्देशिका र मापदण्डहरूको तयारी आगामी भाद्र महिनाभित्रै सम्पन्न गरी असोज महिनादेखि नै स्वीकृत योजनाहरूको ठेक्का व्यवस्थापन र उपभोक्ता समिति गठनको प्रक्रिया सुरु गरी 'असारे विकास' को परिपाटीलाई निरुत्साहित गरिनेछ।
- गाउँपालिकाबाट सञ्चालन हुने सबै प्रकारका कार्यक्रमहरूको नियमित, आकस्मिक र प्रविधिमा आधारित अनुगमन गरिनेछ भने गौरवका आयोजनाहरूको प्रभावकारिता मापन गर्न तेस्रो पक्ष द्वारा स्वतन्त्र मूल्याङ्कन गराइनेछ।
- अनुत्पादक, प्रशासनिक एवं इन्धन, बैठक भत्ता, सवारी साधन मर्मत, भ्रमण र सत्कार जस्ता चालू प्रकृतिका खर्चहरूलाई वाञ्छित सीमा भित्र कडा रूपमा नियन्त्रण गरी बचत भएको रकम पूँजीगत खर्च र विकास निर्माणको हिस्सा बढाउन उपयोग गरिनेछ।
- उपभोक्ता समिति वा ठेक्का प्रक्रिया मार्फत कार्यान्वयन हुने प्रत्येक योजनाहरूमा स्थानीय समुदायको रोहबरमा सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण र सामाजिक परीक्षण अनिवार्य रूपमा गराएर मात्र अन्तिम भुक्तानी दिने व्यवस्था गरी वित्तीय सुशासन कायम गरिनेछ।
- गाउँपालिकाको आन्तरिक राजस्व संकलन प्रणालीलाई पूर्ण रूपमा सफ्टवेयरमा आधारित बनाउँदै कर चुहावट हुने क्षेत्रहरूमा कडा निगरानी राखिनेछ र करदाता मैत्री वातावरण सिर्जना गर्न कर सचेतना अभियान सञ्चालन गरिनेछ।

**गाउँ सभाका अध्यक्ष महोदय,**
**विशेष अतिथि राष्ट्रिय सभाका उपाध्यक्ष ज्यू,**
**गाउँ सभाका सदस्यज्यूहरू,**

## ५. आगामी आर्थिक वर्ष २०८३/८४ को अनुमानित राजस्व र खर्चको विवरण

अब म बर्दगोरिया गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्तावित कुल राजस्व र खर्चको अनुमानित विवरण यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु।

आगामी आर्थिक वर्ष २०८३/८४ का लागि **कूल आय र व्यय रु. १ अर्ब ९ करोड २१ लाख १५ हजार ६ सय ५०, (१,०९,२१,१५,६५०)** हुने अनुमान गरिएको छ। कुल आय तथा व्ययको विस्तृत विवरण र स्रोतहरू निम्नानुसार प्रस्तावित गरिएको छः

### ५.१ आयको अनुमान तथा स्रोत व्यवस्थापन

| क्र.सं. | आय/प्रासिको स्रोत | अनुमानित रकम (रु.) |
|---|---|---|
| १ | आन्तरिक आय | ३,८२,३३,८०० (३ करोड ८२ लाख ३३ हजार ८ सय) |
| २ | राजस्व बाँडफाँड | ११, ५१, ४१,००० (११ करोड ५१ लाख ४१ हजार) |
| ३ | अन्तरसरकार वित्तीय हस्तान्तरण (नेपाल सरकार) | ५६,९८,००,००० (५६ करोड ९८ लाख) |

| | | |
|---|---|---|
| ४ | अन्तरसरकार वित्तीय हस्तान्तरण (सुदूरपश्चिम प्रदेश सरकार) | ९,३४,२७,००० (९ करोड ३४ लाख २७ हजार) |
| ५ | सरी आएको अनुमानित नगद मौज्दात (अ.ल्या.) | ७,०५,१३,८५० (७ करोड ५ लाख १३ हजार ८ सय ५०) |
| ६ | सामाजिक सुरक्षा कार्यक्रम अनुदान | २०,५०,००,००० (२० करोड ५० लाख) |
| **-** | **कूल जम्मा अनुमानित आय** | **१,०९,२१,१५,६५० (१ अर्ब ९ करोड २१ लाख १५ हजार ६ सय ५०)** |

**५.२ व्ययको अनुमान**

| क्र.सं. | व्यय/विनियोजनको शीर्षक | अनुमानित विनियोजित रकम (रु.) |
|---|---|---|
| १ | चालू खर्च तर्फ | ३७,२४,५०,००० (३७ करोड २४ लाख ५० हजार) |
| २ | पूँजीगत खर्च तर्फ | ५१,४६,६५,६५० (५१ करोड ४६ लाख ६५ हजार ६ सय ५०) |
| ३ | सामाजिक सुरक्षा खर्च विनियोजन | २०,५०,००,००० (२० करोड ५० लाख) |
| **-** | **कूल जम्मा अनुमानित व्यय** | **१,०९,२१,१५,६५० (१ अर्ब ९ करोड २१ लाख १५ हजार ६ सय ५०)** |

*(नोटः सामाजिक सुरक्षा बाहेकको कुल खर्च रु. ८८ करोड ७१ लाख १५ हजार ६ सय ५० रहेको छ, जसमा चालू तर्फ ४२ प्रतिशत र पूँजीगत तर्फ ५८ प्रतिशत हिस्सा पर्दछ)।*

## ६. उपसंहार र प्रस्तावहरू

**गाउँ सभाका अध्यक्ष महोदय,**

**विशेष अतिथि राष्ट्रिय सभाका उपाध्यक्ष ज्यू,**

**सभाका सदस्यज्यूहरू,**

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य प्रचलित कानुनको परिधिभित्र रही सम्मानित गाउँ कार्यपालिकाको २० औं बैठकको सर्वसम्मत निर्णयका आधारमा आगामी आर्थिक वर्ष २०८३/८४ को यो बजेट तथा कार्यक्रम तर्जुमा गरी यस सम्मानित गाउँ सभा समक्ष प्रस्तुत गरेको छु। बजेटको विस्तृत विनियोजन, खर्चको शीर्षकगत विवरण र दफाहरू यसै साथ संलग्न अनुसूचीहरूमा सविस्तार प्रस्तुत गरिएको ब्यहोरा जानकारी गराउँदछु। अब म यस गरिमामय सभा समक्ष चालू आर्थिक वर्ष २०८२/८३ को संशोधित आय र व्ययको विवरण तथा आगामी आर्थिक वर्ष २०८३/८४ को अनुमानित आय र व्ययको विवरण उपर सघन एवं घनीभूत छलफल गरी पारित गरिदिनुहुन औपचारिक प्रस्ताव गर्दछु। साथै, आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रमलाई कानुनी रूपमा वैधता प्रदान गर्न प्रस्तुत गरिएका **आर्थिक विधेयक, २०८३** र **विनियोजन विधेयक, २०८३** उपर समेत दफावार छलफल गरी आगामी वर्षको ऐनको रूपमा कार्यान्वयन गर्न पारित गरियोस् भनी सम्मानित सभा समक्ष पेश गर्दछु।

यस गाउँ सभामा प्रस्तुत आर्थिक वर्ष २०८३/८४ को कार्यक्रम, बजेट विवरण र रातो किताबमा छपाइ तथा प्राविधिक कारणले कुनै सामान्य भाषिक, लिपिगत वा अंकगणितीय त्रुटिहरू रहन गएको भएमा, त्यसप्रति क्षमायाचना गर्दै त्यस्ता त्रुटिहरूलाई आवश्यकता अनुसार सच्याउन र परिमार्जन गर्नका लागि गाउँ कार्यपालिका मार्फत सम्मानित गाउँ सभा समक्ष सादर अनुमतिका लागि अनुरोध गर्दछु। यसका

साथै, चालू आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रमको पूर्ण स्वीकृतिका साथै कार्यक्रमगत संशोधन र खर्च अनुमोदनका लागिसमेत यो सम्मानित सभा समक्ष प्रस्ताव पेश गर्दछु।

प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमाको महत्वपूर्ण चरणमा आफ्नो अमूल्य, रचनात्मक र मार्गदर्शनयुक्त राय-सुझाव दिनुहुने गाउँ कार्यपालिकाका आदरणीय सदस्यहरू, सम्पूर्ण विषयगत समितिका आदरणीय संयोजक तथा सदस्यज्यूहरूप्रति हार्दिक आभार प्रकट गर्दछु। बजेटको नीति, सिद्धान्त र प्राथमिकता निर्धारणमा प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा अहोरात्र खटिएर प्राविधिक तथा प्रशासनिक सुझाव र सल्लाह दिई सहयोग पुऱ्याउनुहुने गाउँ कार्यपालिकाको कार्यालयका सम्पूर्ण कर्मचारी मित्रहरू, विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिहरू, आदरणीय करदाता, उद्योगी, नागरिक समाजका अगुवा, पत्रकार मित्रहरू लगायत सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

कुनै पनि बजेटको सफलता यसको तर्जुमामा भन्दा पनि इमानदार र दृढ कार्यान्वयनमा निर्भर गर्दछ। बर्दगोरिया गाउँपालिकाको समृद्धिको यो साझा यात्रामा प्रस्तुत बजेट तथा प्राथमिकताका कार्यक्रमहरूलाई पूर्ण वित्तीय अनुशासन, पारदर्शिता र जवाफदेहिताका साथ कार्यान्वयन गर्नका लागि नेपाल सरकार, सुदूरपश्चिम प्रदेश सरकार, सम्पूर्ण राजनीतिक दलहरू, निजी क्षेत्र, र नागरिक समाज लगायत आम बर्दगोरिया गाउँपालिकाबासी आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरू समक्ष हार्दिक अपील गर्दै आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्य यहीं टुङ्ग्याउँछु।

धन्यवाद।

**मितिः** २०८३ असार १० गते बुधबार

<u>**आज्ञालेः**</u>

मिथुन गौतम

गाउँसभा सदस्य एवम् वडा अध्यक्ष वडा नं.१